# हेटौंडा उपमहानगरपालिकाको प्रथम नगरसभा समक्ष नगर उपप्रमुख श्री मिना कुमारी लामाद्वारा प्रस्तुत आ ब २०७४।०७५ को वार्षिक बजेट, नीति तथा कार्यक्रम

नगर सभाका अध्यक्षज्यू
नगर सभा सदस्यज्यूहरू

हेटौंडा उपमहानगरपालिकाको प्रथम नगर सभाबाट आगामी आ ब २०७४।०७५ को बिनियोजन सम्बन्धी प्रस्तावलाई कार्यान्वियन गर्न बनेको बिधेयक, २०७४ एवं तत् सम्बन्धी वार्षिक नीति तथा कार्यक्रम र आय ब्यय अनुमान प्रस्तुतीका लागि बसेको यस गरिमामय सभामा सर्बप्रथम नेपाल र नेपालीहरूको स्वतन्त्रताका लागि आफ्नो जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरू प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।स्थानीय तहको निर्माण पश्चात् लगत्तै सम्पन्न भएको निर्बाचनमा आफ्नो अमूल्य मत दिई बिजय गराउनु हुने सम्पूर्ण मतदाताहरूप्रति हार्दिक आभार ब्यक्त गर्नचाहन्छु ।

नेपाल राष्ट्र र नेपालीहरूको उन्नति, प्रगति एवं समृद्धिका लागि आम नेपाली नागरिकहरूले गरेको पटक पटकको संघर्ष, त्याग र बलिदानको कारणबाट देशमा भएका बिभिन्न राजनैतिक परिबर्तनहरू मध्ये पछिल्लो उपलब्धीको रूपमा प्राप्त भएको संघीय गणतन्त्र, नेपालको संविधान २०७२ र यसै अन्तर्गत निर्माण भएका स्थानीय तहहरूको हालै सम्पन्न निर्बाचनबाट हेटौंडा उपमहानगरपालिकाबासीहरूमा पनि अत्यन्तै उत्साह एवं बिकास र स्थायित्वको चाहना प्रतिबिम्बित भएको छ ।चालु आ ब का लागि बजेट बिनियोजन गर्दा आम नगरबासीहरूको माग र आबश्यकता परिपूर्ण गर्न चुनौतिपूर्ण रहे तापनि यथासक्य उपलब्ध श्रोत र साधनलाई समाबेशी बिकासका आधारमा बिनियोजन गर्ने प्रयास गरिएको छ । साथै चालु आब २०७४।०७५ को बजेट निर्माण गर्ने क्रममा नेपाल सरकारको नीति अनुरूप विषयगत कार्यालयहरू (जस्तैः शिक्षा, स्वास्थ्य, कृषि, पशुसेवा, सिंचाई आदि) को यस उपमहानगरपालिका क्षेत्रमा गर्ने कार्यक्रमहरूलाई समेत समाबेश गरी सोही अनुसार बजेट बिनियोजन समेत गरिएको छ ।यसरी बजेट बिनियोजन गर्दा आबश्यकतानुसार यस कार्यालयबाट समेत बजेट थप गरी बिनियोजन गरिएको छ ।यसअघि उपमहानगरपालिकाले तयार गरेको आबधिक योजनाले स्वीकार गरेको स्वच्छ, सृजनशील, र समृद्ध औद्योगिक नगर को दीर्घकालीन लक्ष्य, समग्र आर्थिक बिकासका लागि आत्मसात गरिएको औद्योगिक बिकास, शिक्षा तथा आबास जस्ता मुख्य क्षेत्रलाई यथासंभव आधारको रुपमा लिई जन निर्बाचित स्थानीय सरकारको हैसियतले समग्र नगरको बिकासका लागि सीमित श्रोत र साधनलाई अधिकतम परिचालन एवं सदुपयोग गर्ने प्रयास गरिएको ब्यहोरा यस सम्मानित सभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

नेपाल सरकारको निर्णयबाट यस हेटौंडा नगरपालिका उपमहानगरपालिका हुँदै स्थानीय तह कायम हुँदासम्म जनसंख्या करीव २ गुना भएको (हाल १ लाख ५३ हजार), वडासंख्या ११ बाट बढेर १९ वडा कायम भएको छ भने क्षेत्रफल करीव ४४ बर्ग कि मी बाट बृद्धि भई २६२ बर्ग कि मी कायम भएको अवस्था छ । यो वास्तविकतालाई चुनौतिका रूपमा भन्दा पनि अवसर र संभावनाको रूपमा लिनुपर्ने अबस्था बिद्यमान छ । नगरको अधिकांश भाग ग्रामीण प्रकृतिको भएको कारण सानोतिनो लगानीले पूर्वाधार बिकासमा खासै महत्व नराख्ने हुँदा यथा संभव ठूला योजनाहरूको छनौट तथा कार्यान्वयनका लागि गृहकार्य गर्नुपर्ने देखिन्छ । साबिकको हेटौंडा नगरमा थप भएका ८ वटा वडाहरु साबिकका ११ वटा वडाहरूको तुलनामा बिकासका दृष्टिकोणले पछाडि परेकोले ती वडाहरूमा पूर्बाधार बिकासका लागि ठूलो लगानीको आबश्यकता रहेको हुँदा संभव भए सम्म त्यस तर्फको पूर्बाधार लगानीमा जोड दिने प्रयास गरिएको छ ।

हेटौडा उपमहानगरपालिकाको चालु आ.व.२०७४।०७५ का लागि नीति एवं कार्यक्रम सहितको बजेट तर्जुमा गर्दा बिनियोजन बिधेयक, २०७४ मा उल्लेखित बजेटको परिधि भित्र रही साविक हेटौडा उपमहानगरपालिकाको मिति २०७३ पौष २८ मा सम्पन्न नगर परिषदबाट स्वीकृत बजेटमा उल्लेखित योजना तथा कार्यक्रमहरुको समीक्षा सहित हालको परिवर्तित वजेट प्रणालीमा समयोजन गरी कार्यान्वयन गर्ने गरी नीतिगत व्यवस्था गरिएको व्यहोरा यस गरिमामय सभामा राख्न चाहन्छु ।आन्तरिक तथा वाह्य श्रोतको अधिकतम परिचालन गर्नका लागि सार्बजनिक निजी साझेदारी अबधारणा अनुरूप निजी क्षेत्रको पूँजी र सीपको उपयोग गर्दै उद्यमशीलता बिकास, महिला, वालवालिका, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक तथा पिछडिएका वर्ग जस्ता लक्षित क्षेत्रको समावेसी विकासमा जोड दिने प्रयास गरिएको छ ।आयमूलक तथा सीपमूलक कार्यक्रमहरू सञ्चालनका माध्यमबाट रोजगारी सृजना गर्दै क्रमशः गरीवी न्युनीकरण गर्ने र सामाजिक परिचालनका माध्यमद्वारा जनसहभागिता अभिबृद्धि गरी नगर बिकासको मूल धारमा सबै बर्ग र समूहहरूलाई ल्याउने प्रयास गरिएको छ ।

**नगरसभा सदस्यज्यूहरु,**

यस उपमहानगरपालिकाको विकासका चुनौति एवं संभावनाहरूलाई मध्यनजर गरी चालु आ.व.को बजेट तर्जुमा गर्दा लिइएका उद्धेश्यहरू देहाय बमोजिम छन् ।

- आधारभूत तथा अत्याधुनिक शहरी पूर्वाधार बिकासका लागि आबधिक योजनातर्जुमा गरी सोही अनुसार समृद्ध नगर निर्माणमा जोड दिने ।
- बिभिन्न कारणबाट नगर बिकासको मूल प्रवाहबाट तुलनात्मक रुपमा पछाडी परेका महिला, दलित, आदिवासी जनजाति, फरक क्षमता भएका व्यक्ति, जेष्ठ नागरिक तथा पिछडिएको क्षेत्रको विकासमा जोड दिई लैगिक समता र समावेशी विकासको अवधारणालाई आत्मसात गर्ने ।
- व्यवसायिक क्रियाकलापहरूको माध्यमबाट आर्थिक उन्नतिका अवसरहरूको सृजना गर्दै रोजगारी अभिवृद्धि गरी गरीवी न्युनीकरणमा जोड दिने ।
- सामाजिक परिचालनका माध्यमद्वारा जनसहभागिता अभिबृद्धि गर्ने ।
- आन्तरिक आयका नयां क्षेत्रहरूको पहिचान एवं बिद्यमान श्रोतको प्रभावकारी परिचालन गर्दै क्रमशः आत्मनिर्भरता सहितको स्थानीय सरकार निर्माण गर्ने ।

उपरोक्त उद्देश्य प्राप्तिका लागि उपमहानगरपालिकाबाट निम्न बमोजिमको प्राथमिकताको आधारमा विषयगत र क्षेत्रगत नीति तथा कार्यक्रमहरू तर्जुमा गरिएको छ ।

- आधारभूत तथा आधुनिक शहरी सेवामा नगरबासीहरूको पहुँचवृद्धि सहित स्वच्छ, सृजनशील र सम्बृद्ध औद्योगिक उपमहानगर निर्माण गर्ने ।
- नगरको दिगो आर्थिक विकासका लागि उद्योग क्षेत्रको प्रवर्द्धन र बिकास गर्ने ।
- राजश्वका थप क्षेत्रहरुको पहिचान गर्दै संकलन तथा व्यवस्थापनमा निजी क्षेत्रसंगको सहकार्य, राजश्व सम्बन्धी सूचना तथा तथ्यांकको बैज्ञानिक अभिलेखीकरण र एकिकृत नगर सूचना प्रणालीको बिकास गरी उपलब्ध श्रोतहरुको अधिकतम प्रतिफल प्राप्त हुनेगरी परिचालनगर्ने ।
- महिला, वालवालिका, अशक्त अपांग, दलित, आदिवासी, जनजाती, मधेशी, मुस्लिम, पिछडिएका वर्ग र अति गरीव तथा सिमान्तकृत समुदायको उत्थानमा उपलब्ध श्रोत साधनलाई यथोचित प्रयोग गर्ने,
- यस उपमहानगरपालिका क्षेत्र भित्रका हिंसामा परेका महिलाहरूका लागि निशुल्क कानूनी सहायता उपलब्ध गराउने ।
- राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरका स्थानीय सरकार, स्थानीय निकायसंग सम्बन्धित संघसंस्थाहरुसंग भातृत्वपूर्ण सम्बन्ध बिकास तथा बिस्तार गर्ने,

- शिक्षा, संस्कृति, भाषा, साहित्य, खेलकूदको योजनाबद्ध बिकास गर्ने एवं पर्यटन क्षेत्रको विकासमा विभिन्न सरोकारवाला निकायहरु बीच सहकार्य गर्ने,

नेपालको संविधान २०७२ अनुसार स्थानीय तहको सरकारको गठन भई नगरसभाबाट यस उपमहानगरपालिकाको लागि चालु आ.व.२०७४।०७५ को लागि तयार पारिएको आय ब्ययको अनुमान अनुसार यस उपमहानगरपालिकाको संचित कोषमा जम्मा हुने राजश्वलाई देशले अवलम्बन गरेको सहश्राव्दी लक्ष्य तथा बिगतमा यस उपमहानगरपालिकाले अबलम्बन गरेको नीति समेतको आधारमा बिनियोजन बिधेयक, २०७४ अनुसारको बजेट सहितको कार्यक्रम यस सम्मानित सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

क) शहरी पूर्वाधार बिकास तथा भौतिक संरचना निर्माण तर्फः

१. स्वच्छ, सजनशील र सम्बृद्ध औद्योगिक नगर निर्माणका लागि नेपाल सरकारबाट जारी भएको वृहत शहरी बिकास योजना निर्माण सम्बन्धी कार्य विवरण अनुसार विस्तारित हेटौडा उपमहानगरको नक्सांकन सहितको भू सूचना प्रणालीमा आधारित भई वृहत शहरी बिकास योजना तर्जुमा गर्ने काम सम्पन्न गरिनेछ ।

२. नगरक्षेत्रको भूमीलाई व्यवस्थित गर्न र अनियन्त्रित र अव्यवस्थित शहरीकरणलाई निरूत्साहित गर्न यस उपमहानगरपालिकाले बिगतमा तयार गरेको भूउपयोग योजना, नगर यातायात गुरुयोजना र योजना तथा भवन निर्माण मापदण्डलाई समयसापेक्ष परिमार्जन सहित अद्यावधिक गरिनेछ ।

३. व्यवस्थित र अत्याधुनिक सेवा सुविधा सहितको नयाँ स्मार्ट शहर निर्माणका लागि बिस्तारित क्षेत्रमा संभावनाको आधारमा एकिकृत जग्गा बिकास कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ ।

४. नगर बिकास कोष लगायतका संस्थाहरुसंगको सहकार्यमा आगामी ४ बर्षका लागि वृहत चक्रपथ, हरितमार्ग सहितको करीडोर, टि.सि.एन.क्षेत्रको वृहत गुरुयोजना, नयाँ वसपार्क, टावर सहितको व्यवसायिक भवन, तरकारी तथा फलफुल होलसेल बजार, एकिकृत अटो भिलेज, प्रदेश स्तरीय सम्मेलन भवन, प्राविधिक बिश्व बिद्यालय, स्व.फत्तेमान डंगोल स्मृति युवा स्वरोजगार प्रतिष्ठान, पशुवधशाला जस्ता आयोजनाहरको विस्तृत सम्भाव्यता अध्ययन, ड्रईइंग, डिजाइन, आदिको लागत अनुमान सहितको बिस्तृत परियोजना प्रतिबेदन **(DPR)** तयार गर्नका लागि प्रतिष्मर्धात्मक बिधि अबलम्बन गरिनेछ ।

५. तत्कालिन हेटौडा उपमहानगरपालिकाको नीति अनुसार साविकका वडाहरुलाई जनसंख्याको आधारमा क, ख र ग वर्गमा वर्गिकरण गरी प्रतिवडा ३०, २५ र २० लाखको बजेट सिमा निर्धारण गरी वडास्तरीय आयोजना तथा कार्यक्रमहरु छनौट गर्ने गरिएकोमा चालु आ.व.२०७४।०७५ को लागि बिनियोजन गर्दा भूगोल, जनसंख्या, गरिवीको अवस्था र पूर्बाधारको बिद्यमान अवस्था समेतको आधारमा क, ख, ग वर्गमा वर्गिकरण गरी वडा नं.१,१४,१५,१६,१७,१८,१९ गरी ७ वटा वडाहरुलाई क वर्ग अर्थात उच्च प्राथमिकतामा राखी प्रति वडा रु.१ करोड, वडा नं.३,४,५,६,८,९,११,१२,१३ सहित ९ वटा वडालाई ख वर्ग अर्थात मध्यम प्राथमिकतामा राखी प्रतिवडा रु.८५ लाख र वडा नं. २, ७ र १० लाई सामान्य प्राथमिकतामा राखी प्रतिवडा रु.७० लाख गरी वडास्तरीय आयोजनाहरुका लागि रु १६ करोड ७५ लाख बजेट बिनियोजन प्रस्ताव गरिएको गरिएको छ ।

६. यसैगरी नगरस्तरीय ठूला आयोजनाको हकमा १ देखि ११ वडामा पनि ५० लाख सम्मका ३ आयोजनाका आयोजना र बिस्तारित गा.वि.स.क्षेत्रमा एक एक वटा ५० लाख सम्मका ठूला आयोजना र साझा हितसंग जोडिएका वढिमा ५० लाख सम्म लागतका थप तीन आयोजना कार्यान्वयनमा लाउने गरी बिनियोजन प्रस्ताव गरेको छु ।

७. यस उपमहानगरपालिकाले नेपाल सरकार र एशियाली बिकास बैंकसंगको ऋण तथा अनुदान सहयोगमा संचालन गरिएको शहरी तथा वातावरणीय सुधार परियोजना अर्न्तगत वृहत खानेपानी तथा मूख्य बजार क्षेत्रमा निर्मित भूमिगत ढलको शुल्क संकलन गर्न हेटौडा खानेपानी व्यवस्थापन वोर्डसंग खानेपानी प्रणाली संचालन तथा भूमिगत ढल सेवा शुल्क समेत एकद्वार प्रणालीबाट संकलन गर्ने सम्बन्धमा सहकार्यको थालनी गरिनेछ ।

८. नगरपालिकाले अवलम्बन गर्दै आएको लागत सहभागिताको नीतिलाई विस्तारित हेटौडाको परिप्रेक्षमा समतामूलक बिकासका लागि शहरी क्षेत्र, अर्धशहरी क्षेत्र, ग्रामिण प्रकृतिका क्षेत्र र विस्तारित वडाको वर्ग अनुसार पूर्बाधार बिकाससंग सम्बन्धित क्षेत्रगत परियोजनाका लागि उपभोक्ताले ब्यहोर्नु पर्ने लागत सहभागिताको रकममा सकारात्मक विभेदको नीति अबलम्बन गरिने छ ।

९. नगरपालिकाको स्वामित्व तथा भोगाधिकारमा रहेको टि.सी.एन.क्षेत्रको करीव १८ विगाह जग्गामा सरकारी र निजी लगानी समेत प्रवर्द्धन हुने गरी केन्द्रिय वस टर्मिनल, व्यापारिक भवन, अत्याधुनिक सुविधासम्पन्न अस्पताल र टावर सहितको खुल्ला पार्क जस्ता दूरगामी महत्वका ठूला शहरी पूर्वाधारहरु सहितको एकिकृत गूरुयोजना तर्जुमा गर्ने कार्य चालु आ.व.भित्र सम्पन्न गरिनेछ ।

१०. नगर यातायात गुरुयोजना अनुसार हेटौडा उपमहानगरपालिकाको ६३ कि.मि.लामो चक्रपथको वांकी ट्र्याक खोल्ने काम सम्पन्न भइसकेको हुंदा बिस्तृत सम्भाव्यता अध्ययन सहित परियोजना बिकासका लागि डिभिजन सडक कार्यालयसंग समन्वय गरी शीघ्र काम सम्पन्न गर्ने तर्फपहल गरिनेछ ।

११. यस उपमहानगरपालिका क्षेत्रमा ठूला कार्यक्रम तथा समारोहहरु आयोजना स्थलको रुपमा कार्यान्वयनमा आएको शहिद वासुदेव सभागृहको अधूरो निर्माण कार्य सम्पन्न गर्न चालु आ.व.मा नै नगरपालिकाको सहलगानीमा सार्विजनिक निजी साझेदारी अवधारणा अनुसार निजी क्षेत्रको साझेदारी वा अन्य वैकल्पिक श्रोत परिचालन गर्ने तर्फ गृहकार्य गरी सभागृहको अधुरो निर्माण कार्यलाई पूर्णता दिने तर्फ आबश्यक पहल गरिनेछ ।

१२. तरकरी तथा फलफूलको सुलभ व्यवस्थापनका लागि सरकारी तथा गैरसरकारी निकायहरु एवं सम्बन्धित क्षेत्रका व्यवसायीहरु संगको सहकार्यमा तरकारी तथा फलफुलको थोक बिक्री केन्द्र स्थापनाका लागि नेपाल सरकार कृषि बिकास कार्यालय मार्फत अगाडि वढाइएको आयोजना कार्यान्वयनमा बिशेष पहल गरिनेछ ।

१३. सबैका लागि बिजुली कार्यक्रम अन्तर्गत बिद्युत सेवा नपुगेका क्षेत्रमा बिद्यूत सेवा पुर्याउने र काठे पोलहरू हटाई कंक्रिट पोल प्रतिस्थापन गर्ने ब्यबस्था लाउनुका साथै लिड वा सि एफ एल बत्ती जडान गर्ने कार्यलाई प्रोत्साहन दिइनेछ । साथै, मुख्य शहरी क्षेत्रमा सौर्य बत्ती जडान गर्ने कामलाई निरन्तरता दिईनेछ ।

१४. औद्योगिक क्षेत्रमा हुने गरेको लामो लोडसेडिङको समस्या समाधान गराउन सम्बन्धित निकायमा पहल गरिनेछ ।

१५. सिटी बस सञ्चालनको लागि सम्भाब्यता अध्ययन गराई नीजी क्षेत्रको सहयोगमा सञ्चालन गर्ने प्रयास गरिनेछ ।

१६. नगरमा अब्यबस्थित रूपमा भैरहेको जग्गा प्लटिङका सम्बन्धमा अध्ययन गरी प्रतिबेदन पेश गर्न गठित समितिबाट प्रतिबेदन प्राप्त भएपछि आबश्यक प्रक्रिया अघि बढाइनेछ ।

१७. नगरभित्र रहेका सार्बजनिक जग्गाहरूको अभिलेख लिई त्यसको संरक्षण गर्ने कामलाई उच्च प्राथमिकतामा राखिनेछ ।

१८. नापी कार्यालयको सहकार्यमा नगरभित्र रहेका सार्बजनिक भैनसकेका प्रस्ताबित बाटोहरूको अभिलेख लिई ती सबै बाटाहरू सार्बजनिक गर्ने कार्य अघि बढाइनेछ ।

१९. चुरेबाट बग्ने खहरे नियन्त्रणका लागि सम्बन्धित निकायहरूमा पहल गरिनेछ ।

२०. बढ्दो ट्राफिक नियन्त्रण गरी शहरको मुख्य भागबाट भारी सबारी सञ्चालन गर्दा हुने सबारी दुर्घटना समेतलाई न्युनीकरण गर्ने उद्देश्यले बाईपास रोडको पूर्बाधार तयार गरी भारी सबारी साधनहरू सञ्चालन गर्ने ब्यबस्था मिलाइने छ ।

२१. भूकम्प पीडितहरूका लागि साबिकमा नक्सापास दस्तुरमा दिईएको ५० प्रतिशत छुटलाई यथावत गर्ने गरी निरन्तरता दिईएको छ ।

ख. आर्थिक तथा सामाजिक बिकास तर्फः

१. परिवर्तित सन्दर्भमा नगरको समग्र आथिक बिकासमा कृषि, पशु, उद्योग वाणिज्य, पर्यटन, सहकारी र बित्तीय क्षेत्रको योगदानलाई व्यवस्थित गरिनेछ । साविकमा जिल्ला कृषि कार्यालय मार्फत संचालित प्रधानमन्त्री कृषि आधुनिकिरण आयोजना अर्न्तर्गत साविकमा पदमपोखरी क्षेत्रमा कायम रहेको मकै पकेट क्षेत्रलाई ब्लकमा स्तरवृद्धि गरिनेछ भने पदमपोखरी क्षेत्रको च्याउ पकेट क्षेत्र, हटिया र हर्नामाडीमा रहेको धानको वीउ उत्पादन पकेटक्षेत्रलाई यस बर्षपनि निरन्तरता दिई वसामाडी क्षेत्रमा थप एक च्याउ पकेट क्षेत्र र अन्य उपयुक्त क्षेत्रमा तरकारी, माछा वा फलफूलको थप दुइ पकेट क्षेत्र बिस्तार गरिनेछ । यस वाहेक आलु वाली बिकास, साना सिचाई, मल वीउ ढुवानी, साना कृषि उद्यम जस्ता कार्यक्रमहरुमा समेत आवश्यक बजेट बिनियोजन गरिएको छ ।

२. कृषि बिकास कार्यालयको सहयोग र समन्वयमा किसानहरूलाई कृषि उपज बेच बिखन गर्नका लागि संभव भए सम्म प्रत्येक वडामा कृषि हाट बजारको ब्यबस्था गरिने छ ।साथै, किसानहरूकै सँलग्नतामा एक वडा एक कृषि सहकारी पसलसञ्चालनमा ल्याइनेछ ।

३. यसै गरी साविकमा जिल्ला पशु सेवा कार्यालयबाट प्रदान गरिने पशु बिकास, घास वीउ उत्पादन तथा पशु स्वास्थ्यसंग सम्बन्धित सेवाका लागि रु.१ करोड बिनियोजन प्रस्ताव गरेको छु । यसै गरी घरेलु तथा साना उद्योग मार्फ प्रदान गरिने सेवा, सहकारी कार्यालय मार्फत प्रदान गरिने सेवालाई चालु आ.व.मा उपमहानगरपालिका मार्फत निरन्तरता दिने गरी बजेट विनियोजन गरिएको छ ।

४. सामुदायिक र निजी बिद्यालयको शैक्षिक गुणस्तर वीच देखिएको असमानतालाई कम गरी नगरको शैक्षिक गुणस्तर सुधार गर्न घोषित नीति अनुसार चालु आ.व.२०७४।०७५ का लागि नेपाल सरकारबाट प्राप्त शिक्षा क्षेत्र अर्न्तर्गत शर्सत अनुदान र यस उपमहानगरपालिकाबाट बिनियोजित बजेटलाई सामुदायिक बिद्यालय शिक्षाको गुणस्तर सुधारका लागि एकद्धार प्रणाली अर्न्तर्गत खर्च गरिनेछ ।यसका लागि शिक्षाविद, बुद्धिजीवि तथा यस क्षेत्रका सरकारी तथा अन्य सरोकारवाला निकायहरु संगको समन्वय, सहकार्यमा बिद्यालयहरुको आवश्यकता र औचित्यताको आधारमा सुरक्षा पर्खाल, खानेपानी जस्ता आधारभूत भौतिक सुविधा बिकास तथा शिक्षक कर्मचारीहरुको क्षमता बिकाससंग सम्बन्धित क्षेत्रमा सहयोग गर्ने नीतिलाई प्राथमिकतामा राखी कार्यक्रम संचालन गरिनेछ । नगरका विद्यालयहरूमा भएका शौचालयहरूलाई बालमैत्री तथा महिलामैत्री बनाउन पहल गरिने छ ।नगरका बिकट स्थानमा रहेका सामुदायिक विद्यालयहरूको भौतिक पूर्वाधार सुधारलाई लक्षित गरी लगानी गर्ने र शैक्षिक गुणस्तर सुधारका लागि आबश्यक नीति बनाई लागू गरिनेछ ।मा वि तथा प्लस टु तहका विद्यालयहरूमा प्राबिधिक शिक्षा अध्यापनका लागि बिशेष जोड दिइनेछ यसका लागि चालु आ.व.मा चालु तथा पूजिगत गरी करीव २७ करोड बजेट बिनियोजन गरिएको छ ।

५. नगर क्षेत्रको खेलकूद विकासका लागि आवश्यक पूर्बाधार विकास अर्न्तगत कर्भडहल निर्माण कार्य सुरु गरिनेछ भने खेलकुद विकाससंग सरोकारवाला निकायहरुसंगको सहकार्यमा अन्तर वडास्तरीय नगरकप फुटवल तथा अन्य खेलकुद कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।साथै स्थानीय तहमा संचालन गरिने बिभिन्न खेलकुद गतिविधिहरुको लागि वडातहबाट सहयोग उपलव्ध गराउने नीति लिइनेछ ।यसका लागि खेलकुद क्षेत्रको लागि करीव १ करोड १७ लाख बजेट बिनियोजन गरिएको छ ।

६. आन्तरिक तथा वाह्य पर्यटन प्रर्वर्द्धन तथा बिकासका लागि यस नगरमा रहेको सय बर्षपुरानो दक्षिण एशियाको पहिलो ऐतिहासिक चुरे सुरुंग संरक्षण सहित राष्ट्रिय सम्पदा घोषित गराउने कार्यमा सम्बन्धित निकाय मार्फत पहल गरिनेछ भने गुम्वा डांडा अन्तराष्ट्रिय मूर्ति पार्क, जुरेथुम पर्यापर्यटकीय पार्क, शहिद स्मारक, कुस्माण्ड सरोवर त्रिवेणी धाम, मनकामना, वनस्खण्डी, भुटनदेवी जस्ता धार्मिक मठमन्दिर, गुम्वा, मस्जिद, चर्चहरुको संरक्षण, साना पूर्वाधार सुधार एवं प्रचार प्रसारका लागि कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ । नगरभित्रका सबै वडाहरूमा एक वडा एक पर्यटक पार्कको अबधारणालाई निरन्तरता दिइनेछ ।यी सबै कामका लागि रू ८३ लाख ५५ हजार बजेट बिनियोजन गरिएको छ ।

७. वडा नं ५ को दक्षिणकाली मन्दिर देखि मनकामना मन्दिरसम्म केबलकार सञ्चालनका गर्नका लागि आबश्यक गृहकार्य गरिनेछ ।

८. साविकको जडिवुटि बनस्पति उद्यान्नलाई डा. टोनि हेगन अन्तराष्ट्रिय जैविक विविधता पार्क घोषणा गर्ने तर्फ सम्बन्धित निकाय मार्फत पहल गरिनेछ ।

९. समुदाय परिचालन तथा बिकासका लागि उपमहानगरपालिका क्षेत्रभित्र गठित टोल बिकास संस्था, आमा समुह, महिला स्वयं सेविका, वाल संरक्षण समिति, वाल क्लव, किसोरी समुह, जेष्ठ नागरिक संजाल जस्ता संजालहरु बिस्तारित क्षेत्रमा बिस्तार गरी त्यस्ता संजालहरुलाई सरसफाई, हरियाली प्रवर्द्धन, सानातिना बिकास आयोजना कार्यान्वयन, नगर प्रोफाइल तयारी तथा कर राजश्वसंग सम्बन्धित सूचना तथा तथ्यांक संकलन जस्ता क्षेत्रमा बिस्तार गरि थप प्रभावकारी बनाइनेछ ।

१०. नेपाल सरकारको साविक लैगिक समानता र सामाजिक समावेशीकरण नीति अनुसार महिला, वालवालिका र आदिवासी, जनजाती, दलित, उत्पिडित, उपेक्षित, मधेशी, मुस्लिम जस्ता लक्षित क्षेत्रसंग सम्बन्धित आर्थिक सामाजिक र शीप बिकास सहित तिनिहरुको संस्थागत बिकासमा समेत साविक बमोजिम नै कार्यक्रम र सोही बमोजिम बजेट विनियोजन गरिएको छ । यसका लागि यस क्षेत्रमा करीव १ करोड ५० लाखको हाराहारीमा बजेट बिनियोजन गरिएको छ ।

११. नगरमा बेरोजगार रहेका कम शिक्षित ब्यक्तिहरूलाई लक्षित गरी हेभी इक्युपमेण्ट सञ्चालन,औद्योगिक बिद्युत जडान, ड्राइभिङ जस्ता शीपमूलक तालिम सञ्चालनका लागि सम्बन्धित तालिम केन्द्रहरू सँग सहकार्य गरिनेछ ।

१२. हेटौडा उपमहानगरपालिकालाई मानवताको शहरको अवधारणा अनुसार सडक मानव रहित नगर निर्माणका लागि यस क्षेत्रमा क्रियाशील संस्थाहरुसंगको सहकार्यलाई थप प्रभावकारी बनाइनेछ । यसका लागि यस क्षेत्रमा क्रियाशील संस्थाहरुको संस्थागत क्षमता बिकास तथा अन्य भौतिक पूर्बाधार बिकासका लागि आवश्यक श्रोत जुटाउन पहल गरिनेछ ।

१३. बिभिन्न कारणबस सडकमा अमानवीय जीवन गुजार्न बाध्य भएका बृद्धबृद्धा तथा बालबालिकाहरूका लागि सेबारत संस्थहरूको दीगो बिकासका लागि सबै नागरिकहरूको सहयोग जुट्न सकोस भन्ने हेतुले एक मानवीय कोषको स्थापना गरिनेछ ।

१४. बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ र कार्यान्वयन रणनीति २०६८ एवं कार्यविधिले निर्दिष्ट गरे अनुरुप चालु आ.व.देखि नै स्थानीय सरोकारवालाहरुसंग समन्वय र सहकार्य गर्दै वालमैत्री स्थानीय शासनका सूचकहरुमा आधारित लगानी योजना निर्माण गरी सोही अनुरुप वालवालिकाका क्षेत्रमा लगानी वढाउदै वालमैत्री नगर निर्माणका लागि वालमैत्री स्थानीय शासन पद्धतिको अवलम्वन गरिनेछ ।

१५. नगरमा रहेका बाल बिकास कक्षादेखि कक्षा ५ सम्म अध्ययन गर्ने सामुदायिक विद्यालयहरूका विद्यार्थीहरूको पोषणको अबस्था पहिचान गर्नका लागि सम्बन्धित निकाय सँग सहकार्य गरिनेछ ।

१६. निजी विद्यालयहरूका शिक्षक तथा कर्मचारीहरूको मासिक पारिश्रमिक नेपाल सरकारले तोकेको मापदण्ड अनुसार हुन पहल गरिनेछ ।

१७. टोल बिकास संस्थालाई स्थानीय निकायको तल्लो तहको संरचनाको रुपमा बिकास गर्ने नेपाल सरकारको नीति अनुरुप टोल बिकास संस्था गठन, संस्थागत बिकास र परिचालनलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

१८. उपमहानगरका केही वडाहरूमा जेष्ठ नागरिक बिश्रामस्थल / पार्क निर्माणका लागि आबश्यक पहल गरिनेछ ।

१९. एक वडा एक खेलमैदान, एक बालउद्यान तथा एक जिम क्लव कार्यक्रम अन्तर्गत प्रत्येक वडामा एक खेल मैदान, एक बाल उद्यान तथा एक जिम क्लब निर्माण गर्नका लागि प्रारम्भिक कामहरूको थालनी गरिने छ ।

२०. प्रसव वेदनाले पीडित भएका महिलाहरूका लागि सरकारी अस्पताल वा स्वास्थ्य केन्द्रसम्म जाँदा लाग्ने एकतर्फी यातायात खर्च (एम्बुलेन्स भाडा) सरकारी अस्पताल वा स्वास्थ्य केन्द्र सँग समन्वय गरी उपमहानगरपालिकाले ब्यहोरीनो होम डेलिभरी कार्यक्रमलाई प्रोत्साहन गरिने छ ।

२१. मुख्य बजार क्षेत्रभन्दा बाहिर रहेका वडाहरूमा शहरी स्वास्थ्य सेवा बिस्तार गर्ने नीति लिइने छ ।

२२. बृद्धाश्रममा रहेका बृद्धबृद्धाहरूको नियमित स्वास्थ्य परीक्षणका लागि सम्बन्धित निकायको सहयोग लिन वा उपमहानगरपालिकाकै तर्फबाट आबश्यक सहयोग उपलब्ध गराउन सकिनेछ ।

२३. नगरका जेष्ठ नागरिकहरूको मोति बिन्दु परीक्षण गर्नका लागि हेटैंडा सामुदायिक आँखा अस्पताल सँग आबश्यक सहकार्य गरिनेछ ।

२४. सामाजिक सुरक्षा भत्ता बितरणका लागि स्थानीय बैंकहरू सँगको सहयोगमा वडा कार्यालयमा नै बितरणको ब्यबस्था मिलाईने छ ।

२५. नगरबासीहरू सबैका लागि पुस्तकालयको पहुँच अभिबृद्धि गर्ने उद्धेश्यका साथ हाल भैरहेका पुस्तकालयहरूको भौतिक सुबिधामा सुधार गरी कामको थालनी गरिनेछ ।

२६. नागरिकता नभएका कारण सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न नसकेका बृद्धाश्रममा बसेका जेष्ठ नागरिकहरूको अभिलेख लिई सामाजिक सुरक्षा भत्ता दिलाउन आबश्यक पहल गरिनेछ ।

घ. वातावरण, स्वास्थ्य र सरसफाई तर्फः

१. हाम्रो हेटौडा सफा हेटौडा प्रर्वद्धन कार्यक्रम अर्न्तगत सून्य फोहर अवस्था निर्माणका लागि श्रोतले भ्याएसम्म अन्य क्षेत्रमा समेत बिस्तार गरी फोहरको मात्रा घटाउने, जैविक तथा अजैविक फोहरजन्य पदार्थको पुन प्रयोग र पुनः प्रशोधन बिधि प्रवर्द्धन कार्यक्रमलाई निरन्तता दिइनेछ ।

२. जैविक फोहरबाट ग्यास उत्पादन हुन सक्ने संभावनालाई मध्यनजर गरी वैकल्पिक उर्जा प्रर्वद्धन केन्द्रसंगको सहकार्यमा भइरहेको संभाव्यता अध्ययन सम्पन्न गरी संभाव्यताको आधारमा ग्यास उत्पादनका लागि सिर्वजनिक निजी साझेदारीको अबधारणामा निजीलगानीलाई प्रोत्साहन गरिनेछ।

३. सभा समारोह, गोष्ठी, व्यापार व्यवसाय सँग सम्बन्धित कार्यक्रमहरूमा प्लाष्टिक व्यानरको प्रयोग अत्यधिक हुन थालेको र यसको वातावरण मैत्री व्यवस्थापन हुन नसकेको अवस्थामा वातावरणमा पर्न सक्ने नकारात्मक प्रभाव समेतलाई ध्यानमा राखी प्रयोगविहिन बिद्युतीय तथा अन्य समाग्रीजन्य फोहरलाई वैज्ञानिक बिधिबाट व्यवस्थापनको प्रारम्भिक प्रयासको रुपमा एकिकृत फोहर व्यवस्थापन केन्द्र परिसरमा **Refused Material Exihibition Cernter RMEC** स्थापना गर्ने कार्य सम्पन्न गरी काजगजन्य फोहरको पुन प्रयोग गर्ने गरी कार्यक्रम संचालनमा ल्याइनेछ ।

४. **Poluters Should Pay** अवधारणा अनुसार र नगरपालिकाले गरेको राजश्व क्षेत्र सुधार सम्बन्धी अध्ययन प्रतिवेदनले सिफारिस गरिएका केही प्रदुषणयुक्त उत्पादनमा परिक्षणको रुपमा वातावरण प्रदूषण शुल्क लगाई वातावरण संरक्षण कोषलाई सशक्त बनाइनेछ । यस कोषमा जम्मा हुने रकम कार्यविधि बनाई वातावरण संरक्षण तथा प्रभावित क्षेत्रको जनस्वास्थ्य, कृषि उत्पादन लगायतका गतिवधिहरुमा परिचालन गरिनेछ ।

५. हरियाली प्रबर्द्धनका लागि सडक आयोजना संचालन गर्दा वृक्षारोपणलाई आयोजनाको अभिन्न अंगको रुपमा एकीकृत गरी कार्यान्वयन गर्ने कार्यलाई निरन्तरता दिइनेछ । साथै निर्माण भइसकेका सडकहरु तथा नदी किनारहरूमा समेत वृक्षारोपण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

६. पोलिथिन झोला तथा प्लाष्टिक कपको प्रयोगलाई क्रमशः निरूत्साहन गर्दै हेटौंडालाई प्लाष्टिकमुक्त नगर बनाइने छ ।

७. यस नगरलाई खुल्ला दिशा मुक्त क्षेत्र घोषणा गरिएकोमा सन २०१७ भित्रमा पूर्ण सरसफाइयुक्त नगर निर्माणका लागि बिकास साझेदारहरुसंगको सहकार्यमा तर्जुमा भएको पूर्ण सरसफाई योजना कार्यान्वयनमा ल्याई पूर्ण सरसफाईयुक्त नगर निर्माण गरिनेछ।

८. बिभिन्न सरोकारवाला निकायहरुसंग आवश्यक समन्वय सहकार्य गरी चालु आ.व.को अन्तसम्ममा उपमहानगरपालिका क्षेत्रलाई पूर्ण खोपयुक्त नगर घोषणा गरिनेछ ।

९. हेटौडा उपमहानगरपालिकालाई रेविजजन्य जोखिम मुक्त नगर बनाउन पशु कार्यालयसंगका सहकार्यमा सामुदायिक कुकुर वन्ध्याकरण अभियान संचालन गरिनेछ भने घरपालुवा कुकुरको रजिष्ट्रेशन, नियमित खोपको अनुगमन र कुकुरजन्य दिसा जोखिम न्युनिकरणका लागि बिशेष अभियान संचालन गरिनेछ ।

१०. उपमहानगरको सौन्दर्यता एवं सबारी आबागमनमा प्रतिकूल प्रभाव पारिरहेका बिभिन्न प्रकारका सबारी साधनहरूको पार्किङ ब्यबस्थापनका लागि विशेष पहल गरिनेछ ।

११. एक घर तीन बिरूवा हरियाली कार्यक्रम अन्तर्गत हरियाली नगर निर्माण गर्नका लागि नगरबासीहरूले आफ्नो घर निर्माण गर्दा कम्तिमा ३ वटा फलफूलका विरूवा रोपी हुर्काउनु पर्ने छ ।घर निर्माण सम्पन्न प्रमाणपत्र जारी गर्दा यसको अनुगमन गरिने छ ।

१२. गुणस्तरयुक्त खानेपानीको ब्यबस्थापनका लागि खानेपानी तथा सरसफाई डिभिजन कार्या लय, हेटौंडा खानेपानी ब्यबस्थापन बोर्ड सँग सहकार्य गरिनेछ ।महिलाहरूको पाठेघर सम्बन्धी तथा स्तन क्यान्सर सम्बन्धी रोगको परीक्षणका लागि स्वास्थ्य सम्बन्धी सँस्थाहरू सँग सहकार्य गरिने छ ।

१३. हेटौंडा अस्पताललाई सुबिधा सम्पन्न बनाउन पहल गरिने छ ।साथै, यसको लागि रू १० लाख बजेट बिनियोजन गरिएको छ ।

१४. गत साता आएको भीषण बाढीको कारणबाट पीडित भएका परिबारहरूको लागि राहत उपलब्ध गरइनेछ । साथै, पीडित परिबारहरूलाई स्थानान्तरण गर्नका लागि तत्कालै आबश्यक ब्यबस्था गरिनेछ ।

१५. उपभोग्य बस्तु उपलब्ध गराई उपोक्ता हित संरक्षण गर्न क्षेत्रीय खाद्य परीक्षण प्रयोगशाला सँग आबश्यक समन्वय गरी उपमहानगरपालिकामा खाद्य परीक्षण प्रयोगशालाको स्थापना गरिने छ ।

ङ. सुशासन तथा संस्थागत सुधार तर्फः

१. परिवर्तित सन्दर्भमा स्थानीय तह संचालन सम्बन्धी कानून संसदमा बिचाराधिन रहेको र संविधानतः स्थानीय तहको सरकारको जिम्मेवारी सम्पादन गर्न आवश्यक संस्थागत संरचना, जनशक्ति व्यवस्थापन जस्ता बिषयहरू एकीन भैनसकेको वर्तमान अवस्थामा तदर्थ व्यवस्थापन अर्न्तर्गत आवश्यकताको आधारमा नगर कार्यपालिका, वडा कार्यालय लगायत बिषयगत शाखा महाशाखाको तहगत जिम्मेवारी वांडफांडको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

२. निर्वाचन पछिको परिवर्तित सन्दर्भमा आगामी ५ बर्षभित्र सवै वडामा सुविधा सम्पन्न वडा कार्यालयहरुको व्यवस्थापन गर्ने सन्दर्भमा यसै आ ब मा कम्तिमा २ वटा नया वडा कार्यालय भवन निर्माण गर्ने र पुराना वडा कार्यालय भवनहरुको मर्मत गरिनेछ ।

३. स्थानीयतहका विवादहरु स्थानीय तहमा नै समाधानका लागि वैकल्पिक व्यवस्थापनको रुपमा संचालनमा आएको मेलमिलाप पद्धतिलाई उपमहानगरपालिकाको न्यायिक समितिबाट सम्पादन हुने काममा आबद्ध गरी थप प्रभावकारी बनाइनेछ।

४. नगरपालिका अर्न्तर्गत रहेको मानव संसाधन बिकास कोष, बिपद व्यवस्थापन कोष, गरिवी न्युनिकरण तथा सामाजिक परिचालन कोष, अनाथ अपांग, असहाय बिशेष कोष, वातावरण संरक्षण विशेष कोष लगायतका कोषहरुलाई कार्यविधि बनाई परिचालन गरिनेछ ।

५. सुशासन तथा पारदर्शिताका लागि उपमहानगरपालिकाबाट सम्पादन भएका कामहरूको सम्बन्धमा सार्बजनिक रूपमा जानकारी गराउन सरोकारवालाहरू सँग चौमासिक रूपमा समीक्षात्मक छलफल गरिने र नगर गतिबिधिहरू प्रकाशन गर्नका लागि स्थानीय सञ्चार माध्यमहरू सँग आबश्यक सहकार्य समेत गरिनेछ ।साथै, बिकासपत्रकारिता पुरस्कार जस्ता कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

६. उपमहानगरपालिकाबाट संचालन गरिने आयोजना तथा कार्यक्रमहरुको प्रभावकारीता तथा गुणस्तर कायम गर्न आयोजना अनुगमन तथा सुपरिवेक्षण समितिलाई सरोकारवालाहरु समेतको सहभागिता रहने गरी प्रभावकारी रूपमा परिचालन गरिनेछ ।

७. राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरका स्थानीय सरकार, स्थानीय निकायसंग सम्बन्धित संघसंस्थाहरुसंग मैत्री सम्बन्ध बिस्तार गर्ने र सम्बन्ध स्थापित भइसकेको ललितपुर महानगरपालिका संगको सहकार्य बिस्तारका लागि कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

८. वडामा आईपर्ने बिभिन्न किसिमका भैपरी कामहरू समयमै सम्पन्न गर्न सहज बनाउने उद्देश्यले वडा अध्यक्षज्यूको निर्णयानुसार खर्च गर्ने गरीवडा बिकास कोष खडा गरिने छ ।

नगरसभा सदस्यज्यूहरु,

अव म यस सम्मानित सभा समक्ष साविक हेटौडा उपमहानगरपालिकाको २२ औ नगरपरिषदबाट चालु आ.व.का लागि स्विकृत आय तथा व्यय अनुमानलाई नया संविधान अर्न्तर्गत कायम भएको यस हेटौडा उपमहानगरपालिकाको २०७४ बैशाख ३१ गते सम्पन्न निर्वाचनबाट गठन भएको नगर सभाको गत असार २९ गते सम्पन्न प्रथम वैठकबाट चालु आ.व.२०७४।०७५ का लागि स्विकृत संसोधित आर्थिक बिधयक अनुसार यस उपमहानगरपालिकाको आन्तरिक आय, नेपाल सरकारबाट बित्तीय समानिकरण एवं र्सशर्त अनुदान शिर्षमा प्राप्त हुने अनुदान लगायत अन्य निकायहरु मार्फ यस उपमहानगरपालिकाको संचित कोषमा जम्मा हुने अनुमान गरिएको रु.१ अर्व २२ करोड ९० लाख र आ.व.२०७३।०७४ को अन्तसम्ममा जिम्मेवारी सहित नगद

मौज्दात सरेर आएको रु.७ करोड ३१ लाख ४३ हजार समेत कूल रु १ अर्ब ३० करोड २१ लाख ७८ हजार को बिनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

साविक हेटौंडा उपमहानगरपालिकाको गत २२ औं नगरपरिषदबाट चालु आ.व.का लागि स्विकृत रु.६४ करोड १९ लाख ६९ हजार को व्यय अनुमान मध्ये चालु प्रशासनिक खर्च तर्फ स्विकृत रु.१० करोड ३२ लाख रहेकोमा परिवर्तित सन्दर्भमा जन प्रतिनिधिहरुको सेवा सुविधा समेत समावेस गरी संसोधित कूल व्यय अनुमानको ९.९८ प्रतिशत अर्थात रु.१२ करोड ९९ लाख ७२ हजार को संसोधित बिनियोजन प्रस्ताव गरेको छु । परिवर्तित सन्दर्भमा चालु खर्च शीर्षक अन्तर्गत कार्यालयको प्रशासनिक खर्च, संचालन तथा उपभोग खर्च, प्रशासनिक परामर्श सेवा खर्च, अनुगमन मूल्यांकन खर्च, आन्तरिक ऋणको व्याज भुक्तानी, सामाजिक सुरक्षा खर्च, स्थानीय शासन तथा सामुदायिक बिकास कार्यक्रम खर्च, सर्विजनिक निजी साझेदारी कार्यक्रम अन्तर्गत व्यवस्थापन खर्च शीर्षकहरु समावेश हुने भएकोले कूल बिनियोजनको करीव २५.३६ प्रतिशत अर्थात रु.३३ करोड २ लाख ७२ हजारको परिमार्जित चालु खर्च प्रस्ताव गरेको छु । यसै गरी पूजीगत खर्च तर्फऋणको सावा खर्च सहित कूल बिनियोजनको करीव ७४.६३ प्रतिशत अर्थात रु ९७ करोड १९ लाख ६ हजार बिनियोजन प्रस्ताव गरेको छु ।

यसै गरी पूँजिगत तर्फ बिनियोजन प्रस्ताव गर्दा साविक हेटौंडा उपमहानगरपालिकाको २२ औं नगरपरिषदबाट यस आ.व.का लागि स्विकृत गरेको रणनीतिक, नगरस्तरीय ठूला पूर्बाधार र नगरस्तरीय क्षेत्रगत आयोजना तथा कार्यक्रमहरु, प्रर्वद्धनात्मक क्षेत्रका आयोजना तथा कार्यक्रमहरु, लक्षित क्षेत्रसंग सम्बन्धित आर्थिक, सामाजिक, शीप बिकास तथा संस्थागत क्षेत्रका लागि स्विकृत आयोजना तथा कार्यक्रम र वडाभेलाबाट स्विकृत वडास्तरीय साधारण र लक्षित क्षेत्रसंग सम्बन्धित भौतिक पूर्वाधार निर्माणसंग सम्बन्धित आयोजना तथा कार्यक्रमहरुलाई वडा नं.४ र १८ को हकमा सामान्य परिमार्जन सहित यथावत रुपमा बिनियोजन गरिएको छ ।यसै गरी परिवर्तित सन्दर्भमा हाल कायम भएका वडाहरुलाई भूगोल, जनसंख्या, गरिवीको अवस्था र पूर्बाधार संरचनाको वर्तमान अवस्था समेतको आधारमा क, ख,ग वर्गमा बिभाजन गरी थप बिनियोजन सहित वडास्तरीय आयोजना तथा कार्यक्रमहरुका लागि मात्र रु.१६ करोड ६३ लाख बिनियोजन प्रस्ताव गरेको छु । अरु आयोजना तथा कार्यक्रमहरुको हकमा यथावत सूचिकृत गरी क्षेत्रगत र बिषयगत रुपमा बिनियोजन प्रस्ताव गरिएको छ । क्षेत्रगत रुपमा आर्थिक बिकास क्षेत्र अन्तर्गत कृषि, पशु, उद्योग वाणिज्य, पर्यटन, सहकारी र बित्तीय क्षेत्र समेतका लागि कूल पूंजिगत बिनियोजनको ३.४१ प्रतिशत रु.३ करोड, ३३ लाख ९१ हजार ९ सय बिनियोजन गरिएको छ । यस शीर्षक अन्तर्गत कृषि बिकास तर्फरु. १ करोड २ लाख, पशु पंक्षी बिकास तर्फरु. १ करोड १४ लाख, पर्यटन क्षेत्र बिकास तर्फ ८३ लाख ५५ हजार, सहकारी क्षेत्र तर्फरु.७ लाख र बित्तीय व्यवस्थापन तर्फरु.२५ लाख बिनियोजन गरिएको छ ।

सामाजिक बिकास क्षेत्र अन्तर्गत शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई, सस्कृति प्रबर्धन, खेलकुद तथा मनोरन्जन र लैंकि समानता र सामाजिक समावेसीकरण गरी कूल पूंजिगत बिनियोजनको ४०.७९ प्रतिशत रु.३९ करोड ८९ लाख ४ हजार ५ सय बिनियोजन गरिएको छ । यस शिर्ष अन्तर्गत शिक्षा बिकास तर्फरु. २७ करोड ७७ लाख, स्वास्थ्य तर्फरु. ६ करोड १४ लाख, खानेपानी तर्फरु २ करोड २९ लाख, पूर्ण सरसफाई तर्फरु.१४ लाख, संस्कृति प्रबर्द्धन तर्फरु.५६ लाख ८१ हजार, खेलकुद तथा मनोरन्जन तर्फकर्भड हल निर्माण समेत गरी रु.१ करोड ४० लाख र लैंगिक समानता र सामाजिक समावेशकरण तर्फरु.१ करोड ५६ लाख बिनियोजन गरिएको छ ।

पूर्बाधार बिकास क्षेत्र अन्तर्गत स्थानीय सडक, पुल, सिचाई, भवन तथा शहरी बिकास, सडकबत्ती तथा उर्जा क्षेत्रमा गरी कूल पूंजिगत बिनियोजनको २६.११ प्रतिशत रु.२५ करोड ५३ लाख २१ हजार ७ सय बिनियोजन गरिएको छ । यस शिर्ष अन्तर्गत सडक तथा पुल पुलेसा तर्फरु. २३ करोड ५२ लाख, सिंचाइ

तर्फरु. ५० लाख ९५ हजार, भवन तथा शहरी बिकास तर्फरु ४७ लाख ४२ हजार, सडक वत्ती तथा उर्जा बिकास तर्फरु.१ करोड २ लाख बिनियोजन गरिएको छ । यसै गरी वातावरण तथा विपद व्यवस्थापन क्षेत्र अन्तर्गत वन तथा भू संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, विपद व्यवस्थापन र वारुणयन्त्र संचालन तथा व्यवस्थापन तर्फगरी कूल पूंजिगत बिनियोजनको ५.५५ प्रतिशत अर्थात रु.५ करोड ४२ लाख ७२ हजार बिनियोजन गरिएको छ । यस शिर्ष अन्तर्गत वन तथा भू संरक्षण तर्फरु.९५ लाख ९३ हजार, वातावरण संरक्षण र जलवायु परिवर्तन तर्फ११ लाख ४० हजार, फोहरमैला व्यवस्थापन तर्फ २ करोड १४ लाख, विपद व्यवस्थापन तर्फरु.९७ लाख र वारुणयन्त्र संचालन तथा व्यवस्थापन तर्फरु.५६ लाख बिनियोजन गरिएको छ । यसै गरी संस्थागत बिकास, सेवा प्रवाह र शुसासन क्षेत्र अन्तर्गत कूल पूंजिगत बिनियोजनको १.६४ प्रतिशत अर्थात रु.१ करोड ६० लाख ५७ हजार बिनियोजन गरिएको छ । यस अन्तर्गत सामान्य सेवाका लागि रु.१२ लाख ५० हजार, सूचना प्रविधि बिकास तर्फरु.१२ लाख, पंजिकरण व्यवस्थापन तर्फरु.३ लाख, स्थानीय तथ्यांक संकलन र अभिलेख व्यवस्थापनका लागि रु.१२ लाख, र अन्यत्र वर्गिकृत नभएको क्षेत्रका लागि रु.९३ लाख ७२ हजार बिनियोजन गरिएको छ ।

आगामी ५ बर्षभित्र सवै वडामा सुविधा सम्पन्न वडा कार्यालय भवन निर्माण तथा मर्मतका लागि यस बर्षरु.१ करोड, कार्यालय तथा सफाई सवारी साधन तथा लोडर खरीद तर्फ२ करोड, आगामी ५ बर्षभत्र सचालन गरिने रणनीतिक तथा दिर्घकालिन प्रभाव दिने खालका आयोजनाहरुको विस्तृत सम्भाव्यता अध्ययन सहित परियोजना बिकास (**Project Bank**) का लागि नेपाल सरकार, बिभिन्न दातृ निकाय समेतबाट रु.१ करोड, गत आ.व.मा संचालित क्रमागत आयोजना तथा कार्यक्रमहरुको दायित्व भुक्तानीका लागि रु.८ करोड, नेपाल सरकारका अन्य निकायहरुबाट कार्यान्वयनमा आउन सक्ने आयोजना तथा कार्यक्रमहरुका लागि समपूरक कोष तर्फ१ करोड, सडकवोर्ड नेपालबाट शहरी सडक मर्मत शीर्षकमा प्राप्त हुने अनुदान तथा अन्य मर्मत सम्भार कार्यका लागि मर्मत सम्भार कोष तर्फ रु. ३ करोड ३० लाख, आकस्मिक तथा भैपरी आउने खर्चका लागि रु.५७ लाख, आयोजना संचालन तथा व्यवस्थापनका लागि रु.४७ लाख, नगरस्तरीय बिपद व्यवस्थापन केष तर्फ रु.५० लाख बिनियोजन प्रस्ताव गरेको छु ।

यस बर्ष वडास्तरीय आयोजना तथा कार्यक्रमहरु, बिषयगत कार्यालय तथा शाखाहरु मार्फत संचालन गरिने कार्यक्रमहरुका अतिरिक्त नगरस्तरीय ठूला बिकास पूर्वाधार कार्यक्रम अन्तर्गत वासुदेव सभागृह, कर्भडहल, वडा नं.२ लोकप्रिय चोक देखि मानसचोक सम्मको सडक र मानसचोक देखि मनकामना चोक सम्म फुटपाथ पेटी र हरियाली सहित सडक स्तरोन्नती, वडा नं १० को वाइपास सडक हुदै आखा अस्पताल जाने शिखरमार्गको स्तरोन्नति, वडा नं ४ को पारिजात पथ, भृकुटी पथ खोपेगल्ली सडक स्तरोन्नति, पारिजातपथ वैङ्क अफ काठमाण्डौ जोड्ने सडक स्तरोन्नति, वडा नं.६ देखि वडा नं.८ जोड्ने चत्रपथमा नाला सहित अन्य शाखा सडक स्तरोन्नति, पदमपोखरीको वन समिति भवन नजिकबाट वनस्पति सडक स्तरोन्नती, वडा नं.१४ र १५ केही सडकहरू र फारलाइन सडकको स्तरोन्नति, वडा नं. १६ र १७ को पुरानो फारलाईन सडक स्तरोन्नति, वडा नं.१८ का केही सडकहरूको स्तरोन्नति र वडा नं ३ को जम्वु चौतारा देखि वैराटार जाने सडक स्तरोन्नति जस्ता आयोजनाहरु कार्यान्वयन गरिनेछ । यसै गरी नगरस्तरीय ठूला आयोजना तथा कार्यक्रमहरुमा वडा नं.४ कर्मचारी संचय कोष पछाडी भैरवरोड र वासुदेव सभागृहसडक जोड्ने सडक कालोपत्रे, वडा नं.५ पिप्लेचोक, सचेतटोल सितानगर हुदै मक्रान्चुली सडक स्तरोन्नति, हटिया र हर्नामाडी क्षेत्र, चुरिया र पदमपोखरी र वसामाडी क्षेत्रका लागि १।१ वटा ठूला आयोजना कार्यान्वयन गरिनेछ । साविकका १ देखि ११ सम्मका लागि वडाभेलाबाट सिफारिस भएका आयोजनाहरुलाई ठूला आयोजना अन्तर्गत कार्यान्वयनका लागि प्रस्ताव गरिएको छ । यसै गरी सडक मर्मत सम्भार अन्तर्गत नगरक्षेत्रका बिभिन्न सडक खण्डको मर्मत सुधारका कार्यक्रमहरु संचालनमा ल्याउने प्रस्ताव गरिएको छ ।

यस गरिमामय नगरसभाका अध्यक्षज्यू

अन्त्यमा, प्रस्तुत बजेट, नीति तथा कार्यक्रमले यस नगरको समग्र विकासमा सकारात्मक प्रभाव पार्ने विश्वास लिंदै चालु आ ब २०७४।०७५ का लागि नीति तथा कार्यक्रम र आयब्ययको अनुमान (बिनियोजन बिधेयक, २०७४) यस गरिमामय सभामा आबश्यक छलफल तथा स्वीकृतिका लागि पेश गरेको छु।

धन्यबाद ।

मितिः २०७४ भाद्र ६ गते